**१६ दिने लैगिक हिंसा बिरुदको अभियान**

**डिसेम्बर ८**

**नारा: लैगिक हिंसा न्यूनीकरण र मानब अधिकारको लागि मर्यादित महिनाबारी**

**लैगीकतामा आधारित हिंसाको अन्तरास्ट्रिय बुझाई :**

महिला बिरुद्द हुने सबै खालका भेदभाब बिरुदको महासन्धि (सिड) मा लैगीकतामा आधारित हिंसाको परिभाषामा भनिएको छ - महिला भएकै कारणले महिला बिरुद हुने कुनै पनि हिंसा भन्ने बुझिन्छ | सामन्यतया संसारभर नै लैगीकतामा आधारित हिंसा भन्नाले - कुनै पनि हिंसा उन्मुख क्रियाकलाप जसले बालिका वा महिलालाई शारिरिक, यौनिक, मनोबैज्ञानिक असर वा दर्द दिनुका साथै महिलाको निजी वा सार्बजनिक जिबनमा स्वतन्त्रता माथि अड्चन दिन्छ, बुझिन्छ | लैगीकतामा आधारित हिंसाको कुनै सिमा वा छैन अर्थात् संसारभर सबै धर्म**,** सस्कार, बर्ग, जात, यौनिक परिचय आदिमा देखिएको छ |

लैगीकतामा आधारित हिंसाको मूल कारण शक्तिको सरचनामा भर पर्दछ वा शक्तिको दुरुपयोगका कारण हिंसा हुन्छ |शक्ति गतिशिल हुन्छ, यसका रुप परिस्थिती अनुसार फरक फरक भए पनि पहिलो शक्ति निर्माण गर्न महिनाबारी अभ्यास मुख्य रहन्छ | करीब आधा जनसंख्या महिलाको छ, र उनीहरु महिनाबारी हुन्छन, यो तथ्य सत्य जति सत्य छ त्यति नै सत्य छ संसारैभर महिनाबारी भएका बेला हुने/गरिने लाज, त्याबू, बार्नु पर्ने कुराहरु |तथापी कतै यी लाज, त्याबू, बार्नु पर्ने कुराहरु सजिलै देखिन्छन कतै देखिदैनन, कतै संचारमा आउछन कतै आउदैनन| कतै गरिबी, कतै लैगीकता, कतै धर्म, कतै के कारण देखिन्छन तर जे भए पनि केटा र केटीमा शक्तिको निर्माण गर्न मुख्य भूमिका रहन्छ |

**शक्ति निर्माणमा महिनाबारीको भूमिका:**

नेपालमा गरिएको अनुसन्धानको आधारमा सामान्यतया ६-१२ बर्षको उमेरमा केटा र केटी दुबैले आफ्नो आमा, काकी वा कुनै महिला सदस्यबाट बिभिन्न अभ्यासका कारण महिनाबारी अशुद अबस्था हो भनेर थाहा पाउछन | जहाँ केटीहरु महिनाबारी भै नसकेका हुन्छन भने केटाहरु कहिल्यै पनि महिनाबारी हुदैनन् | केटाहरुले आफु शुद, शक्तिशाली, ठुलो भन्ने भावनाको विकास गर्न थाल्छ भने केटीहरुले आफु पनि भबिस्यम महिनाबारी हुनुपर्ने, अशुद अबस्थाबाट गुर्जनु पर्ने, शक्तिविहीन, सानो, हीनताबोध महशुस गर्छे | यहि सोच, धारणा, अभ्यास सामाजिकीकरणको दौरानमा बलियो हुदै जान्छ जहाँ केटीहरु नबोल्ने, प्रश्न नगर्ने, चुपचाप सहने बानीको विकास गर्दै जान्छन भने केटाहरु आफूले पाएको सहुलियतहरु प्रयोग गर्दै जादा निमुखाहरु माथि बिशेष गरि केटीहरु माथि हिंसाहरु जस्तो हेप्ने, दुब्र्यबहर गर्ने गर्दै हुर्कन्छ | कुनै परिबेशमा उनीहरु दुवैलाई गलत गरेको महशुस हुन् सक्छ तर आफुलाई रोक्न (केटा), बोल्न (केटि) सक्दैनन् | एकप्रकारको एडिक्सन जस्तो हुन्छ | यस्तै हो, चलेकै छ, चल्छ भन्ने हुन्छ र अन्तत केटाहरु बलात्कारी भएर निस्कंछन भने केटीहरु पिडित | त्यो उनीहरुको दोष हैन, हाम्रो दोष वा सामाजिकीकरणको दोष |

**महिनाबारी अभ्यास लैंगीकतामा आधारित हिंसाको एक मूल कारण:**

माथि उल्लेख गरिएको लैगीकतामा आधारित हिंसाको परिभाषाहरुलाई बिस्लेषण गरेर हेर्दा महिनाबारी हुने संसारका जुन सुकै लिंग, जात, बर्ग आदिका व्यक्तिहरुले जिबनमा कुनै कुनै किसिमको देखिने वा नदेखिने विभेद र हिंसा खेपिरहेका हुन्छन भन्न हिचकिचाउन पर्दैन | किनभने महिनावारी मानब अधिकार र बिकासको इतिहासमा सन् २०१४ सम्म महिलाको, नीजी मामिला, लाज र त्याबुको बिषय रहयो | केटि, महिला वा अन्य व्यक्तिले जिबनमा महिनाबारिका कारण अल्पकालिन र दिर्घकालिन रुपमा उनीहरुको शारीरिक, मानसिक, सामाजिक स्वास्थ्यमा नकारात्मक परिणाम त भोगे भोगे त्यसको साथै अन्य हिंसाहरु जस्तो बलात्कार, हत्या, यौन दुर्ब्यबहर, मृत्यु आदिहरु भोगिरहे नै | महिनावारी सम्बन्धि नकारात्मक सोच, धारणा र अभ्यासका कारण महिनावारी हुने व्यक्तिहरुको व्यक्तिगत, पारिबारिक र सामाजिक शान्ति भंग भैरहेको हुन्छ | यसका अतिरिक्त पल पल, पत्र पत्रमा मर्यादापुर्बक जिउन पाउने अधिकार, खानाको अधिकार, स्वास्थ्यको अधिकार, सहभागिता हुन् पाउने अधिकार जिबनभर नै भोगिरहेका हुन्छन | यी अधिकारहरु सबैधानिक अधिकार त हुन नै सर्बमान्य, अन्तरास्ट्रिय मानब अधिकारका दस्ताबेज अनुसार अभिभाज्य मानब अधिकार पनि हुन् |

**महिनाबारी अभ्यास र लैगीकतामा आधारित हिंसाको सम्बन्ध:**

विश्वमा गरिएका बिभिन्न अध्ययन हरुले महिनाबारी अभ्यास र लैगीकतामा आधारित हिंसा बीच गहिरो तर जटिल प्रकृतिको सम्बन्ध भएको स्पष्ट पार्दछ | तलका केहि तथ्यांकलाइ हेर्यौं |

१. विश्व स्वास्थ्य संघले भने अनुसार यूरोपियन मुलुकहरुमा ४०-५० % महिलाहरुले यौन दुर्ब्यबहर अनुभब गरेका हुन्छन |

२. युनिसेफले भने अनुसार करिब ७५० मिलियन केटीहरु अठारौ जान दिबस अगाडिनै बिबाह अर्थात् चाडो र जबरजस्त बिबाह गरेका हुन्छन भने २० हजार केटीहरु गैरकानुनी बिबाह गरेका हुन्छन |

३. सयुक्त राष्ट्र जनसंख्या कोषले भने अनुसार तीनजना केटीमा एक केटीले आफ्नो जिबन कालमा शारिरिक र मानशिक हिंसा खेपेकी हुन्छिन |

४. सयुक्त राष्ट्रका अनुसार ७१ प्रतिशत बेचबिखनमा परेका मध्य, चारजनामा तीनजना यौन शोषणका लागि गरिन्छन |

५. विश्वमा १४० देशमा महिला हिंसा बिरुद एन छ, १४४ देशमा यौन दुर्ब्यबहर बिरुदको कानुन छ तर प्रयोग ज्यादै कमजोर छ |

६. विश्व स्वास्थ्य संघले भने अनुसार अस्ट्रेलिया, क्यानडा, साउथ अफ्रिका, अमेरिका जस्ता देशमा ४०-७० प्रतिशत हत्या आफनै यौन साथीले गर्छन |

यी माथि उल्लेख गरिएका तथ्यांकका आधारमा पनि निर्क्योल गर्न सकिन्छ कि महिनाबारी अभ्यास र लैगीकतामा आधारित हिंसा बीच गहिरो र जटिल सम्बन्ध छ | यसका आधारमा पनि भन्न सक्छौ कि मानब अधिकारको घोषणा हुनुपुर्ब वा सिडअ वा बेजिंग सम्मेलन पूर्व कति महिलाहरु हिंसामा परेका होलान |किनभने जुन दिन प्रकृतिले महिला र पुरुषको निर्माण गर्यो त्यही दिनदेखि महिनाबारी अस्तित्वमा छ र त्यही महिनाबारी यो संसार अस्तित्वमा राखेको छ | तसर्थ आमाहरुको बिरामी दर, मृत्यु दर, प्रजनन स्वास्थ्य, आदि कति भयो होला, त्यस्ता

रोकथाम गर्न सकिने अबस्थालाइ महिनावारी अभ्यासको कति सम्बन्ध थियो र छ होला | यसकारण पनि महिनाबारी केन्द्र वा प्राथमिकतामा रहनु पर्ने मानब अधिकारको सबाल हो |

**कोहि पनि पछाडी नछुटून:**

माथि उल्लेख गरिएका तथ्यका आधारमा लैगीकतामा आधारित हिंसा बिभिन्न स्वरूप र तहमा संसार भरि नै छ जहाँ महिनाबारी सम्बन्धि अभ्यासको कुनै न कुनै स्वरूप र तह भूमिका पनि छ | सन् २०१५ देखि संसार नै दिगो विकास लक्ष्य २०३० को लागि मरिमेटेको परिप्रेक्ष्यमा मर्यादित महिनाबारीको उल्लेखनीय भूमिका छ किनभने दिगो विकास लक्ष्यहरु ( १ गरिबी, २ शुन्य भोक , ३ सुस्वास्थ्य, ४ गुणस्तरीय शिक्षा, ५ लैगिक समानता, ६ स्वास्थ्य पानी र सरसफाई, ८ सम्मान काम र आर्थिक बृदी) का लक्ष्य प्राप्त गर्न मर्यादित महिनाबारी प्रत्यक्ष र अप्रत्यक्ष पूर्व शर्त हुन् | अझै प्रकोपमा परेका, अपांगता भएका र बिभिन्न कारणले सिमान्तिकृत भएका महिला वा व्यक्तिका दिगो विकास लक्ष्य २०३० प्राप्तिमा मर्यादित महिनाबारी झनै आबश्यक र महत्वपूर्ण छ |

**मर्यादित महिनाबारी के हो**

महिनाबारी यो संसारको सत्य हो जुन एकदम बहुमुखी र जटिल छ | यो केवल पाच दिन बग्ने, एक पसर रगत मात्र होईन अर्थात् मात्रै प्रजनन उमेरबधिमा (करिब ७ बर्ष) को रगतको कुरा मात्रै होईन | यो जीवन भरको सरोकारको बिषय हो | तसर्थ मर्यादित महिनाबारी एक बृहत धारणा हो जहाँ महिनाबारीलाइ मानब अधिकारको दृस्टीकोणले हेरिन्छ | यसले महिनाबारीलाइ  गर्भधारण देखि चिहान सम्म सम्बन्धित सोच, धारणा र अभ्यासलाई मानब अधिकारको दृस्टीकले गहिरो बिस्लेषण गरेर त्यसको अल्पकालिन र दिर्घकालिन असरहरुलाई सम्बोधन गर्दछ | यसले महिनाबारी हुने र नहुने सबै व्यक्ति र समुहको अधिकारको सुनिस्चितता गर्दछ जहाँ सबै तह र तफ्ताका सरोकारहरुलाइ जिम्मेबार बनाउदै महिनाबारी साझा मानब अधिकारको सबलाको रुपमा हेर्न अपिल गर्दछ | महिनाबारी भएका बेला सबै केटि, महिला र व्यक्ति मर्यादा पुर्बक जिउन पाउन पर्ने मानब अधिकारको वकालत गर्दछ | मर्यादित महिनाबारीमा  सामान्यतया २५ दिन र ५ दिनमा कुनै पनि किसिमको विभेद, हिंसा, हुनु हुदैन | मर्यादित महिनाबारीले प्याड वा सरसफाई र सरचना भन्दा बृहत धारणा र कार्यशैली हो जहाँ स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, बाताबरण, शशक्तिकरण, शान्ति, र बिकाश संगसंगै गएको अवस्था हो |

https://globalsouthfordignifiedmenstruation.wordpress.com/?fbclid=IwAR3SaBxblL8DmnwTbp8pwqK4VfZvcEX8RKro2QcWdTOYLllLN_aYTxXE20E

**मर्यादित महिनाबारी १६ दिने अभियानमा नै किन :**

लैगीकतामा आधारित हिंसा बिरुदको अभियान मनाइरहदा लैगीकतामा आधारित हिंसाको मूल कारणको बारेमा बहस, बार्ता, छलफल हुनु जरुरी छ | महिनाबारीलाई मानब अधिकारको साझा सवालको दृस्टीकोणले ब्याख्या गर्दै सबै सरोकारवालालाई महिनावारी केन्द्रमा राखेर काम गर्न जरुरी छ | संसारलाई बचाई राख्ने महिनाबारीलाई आत्मसाथ गर्दै उत्सब मनाउन जरुरी छ | महिनावारीले उत्पन्न गर्ने सबै खाले हिंसा रोकथाम गर्न  महिनाबारिका बारेमा खुलेर बहस हुन् जरुरी छ |

**डिसेम्बर ८ नै किन :**

डिसेम्बर महिना मानब अधिकार महिना हो | तसर्थ डिसेम्बर ८ रोजिएको हो |

**मे २८ संग दोहोरिएन र ?**

महत्वका दृस्टीकोणले हरेक दिन महिनाबारिको अपरिहार्यता छ र दिबस पनि हो | तर स्याउ रोपेर मेवा खान सकिदैन | सरसफाई वा स्वच्छताको बहस/कार्य गरेर महिनाबारीसंग सम्बन्धित सबै विभेद, दुर्ब्यबहर, हिंसा न्यूनीकरण गर्न सकिदैन | १६ दिने लैगीकतामा आधारित हिंसा र मानब अधिकारको बृहत अबधारण अभ्याससंग जोडिएको अभियान बढी प्रभावकारी र सान्दर्भिक हुन्छ | डिसेम्बर ८ भित मे २८ पर्छ तर मे ८ भित्र डिसेम्बर ८ अर्थात् महिनाबारीका सबै पक्ष्य र असर पर्दैनन् | सरसफाई वा स्वच्छता एक महत्वपूर्ण तत्व त हो तर यसको पुर्ण प्राप्तिमा पनि मर्यादापुर्बक जिउन पाउने अधिकार अपवादमा बाहेक प्राप्त हुन् सक्दैन | https://www.youtube.com/watch?v=ezfdhBKEtsE

**२०१९ को नारा**

लैगीकतामा आधारित हिंसा न्यूनीकरण र मानब अधिकारको लागि मर्यादित महिनाबारी

**सामाजिक संजाल**

निम्न लिखित ट्याग गर्न अनुरोध छ

#DignifiedMenstruation

#16daysVAW2019

#8Dec2019

**नोट: राधा पौडेल फाउन्डेसनले पहल गरेको यो अभियानमा राधा पौडेल फाउन्डेसनसंग नैतिक र भौतिक साझेदार गर्ने, बिस्वाश गर्ने संघ सस्थाहरुले देश भित्र र बाहिर यो दिबस डिसेम्बर ८ को अघि र पछी बिभिन्न कार्यक्रम गरि मनाइरहेका/मनाउने छन् ।**